सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स: २०८३।०८४

च.न. ४६०

मिति: २०८३।०६।२३

श्री विषयगत शाखाहरु ।

श्री सबै वडा कार्यालयहरु ।

सरुमारनी गाउँपालिका, प्यूठान ।

**बिषय: निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८३।०६।२१ गते बसेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८३/६/२३

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

## बैठक संख्या-८६
## मिति २०८३।०६।२१ गते
### गाउँकार्यपालिकाको छ्यासियौं बैठकका प्रस्तावहरु:

१.गत बैठकको समिक्षा सम्बन्धमा ।
२.IEE प्रतिबेदन स्वीकृत सम्बन्धमा ।
३.बालविकास सहजकर्ताको तलव सुविधा सम्बन्धमा ।
४.कर/भ्याट रकम दाखिला सम्बन्धमा ।
५.रिक्त स्थायी दरबन्दी पदपुर्तीका लागि लोकसेवामा माग सम्बन्धमा ।
६. कृषि तथा पशु उद्यमशिलता परियोजनाको पेश्की सम्बन्धमा ।
७.LoCAL परियोजनाको कार्ययोजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।
८.LoCAL परियोजनाको योजना कार्यान्वयन ढाँचा/विधि सम्बन्धमा ।
९. कोरेली पाडी प्राप्त ब्यक्तिलाई कार्वाही सम्बन्धमा ।
१०. विधालय छनौट सम्बन्धमा ।
११. विपद प्रभावित परिवारहरुलाई सहयोग सम्बन्धमा ।
१२. शहरी सडक स्तरोन्नती र मर्मतको लागि योजना छनौट सम्बन्धमा ।
१३. कार्यविधि स्वीकृत सम्बन्धमा ।
१४. आर्थिक सहयोग सम्बन्धमा ।
१५. राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धमा ।
१६. विविध सम्बन्धमा ।

- विपद् सामाग्री कोठाभाडा सम्बन्धि जानकारी सम्बन्धमा ।
- उपभोक्ता समिति दर्ता सम्बन्धमा ।
- बांगेशाल स्वास्थ्य चौकी का.स.सम्बन्धमा ।
- फोर्सावाङ्ग बस्तीमा लिफ्ट सिचाई योजना सम्बन्धमा ।

विक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**बैठक संख्या-८६**
**मिति २०८३।०६।२१ गते**
**गाउँकार्यपालिकाको छयासियौं बैठकका निर्णयहरु**

**निर्णय नं. १ गत बैठकको समिक्षा सम्बन्धमा ।**
प्रस्ताव १ माथि छलफल गर्दा यस गाउँपालिकाको गत बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था, उपभोक्ता समितिहरुको गठन, योजनाहरुको प्राविधक ईष्टिमेट, कार्यालयहरुको सेवा प्रवाह लगाएतका विषयमा छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं. २ IEE प्रतिबेदन स्वीकृत र अनुमति माग गर्ने सम्बन्धमा ।**
प्रस्ताव २ माथि छलफल गर्दा यस गाउँपालिकाको रासी नदि, माडी नदी र गनाहा खोलावाट ढुंङ्गा, गिट्टी वालुवाको उत्खनन र निकासीको लागि निम्नानुसार निर्णय गरियो ।

क) रासी नदिको (IEE) प्रतिबदेन स्वीकृति र अनुमति सम्बन्धमा ।

गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम चालु आ.ब. २०८३।०८४ मा संचालन हुने विकास निर्माणका कार्यहरुलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु (ढुंङ्गा, गिट्टी र वालुवा) को व्यवस्थापन कार्य तत्काल अगाडी वढाउन परामर्शदाता संस्थाः भिजन ट्रपिकल नेपाल प्रा.लि.ललितपुर, नेपाल मार्फत तयार गरिएको ढुंङ्गा, गिट्टी वालुवाको उत्खनन् र निकासी सम्वन्धी प्रारम्भिक वातावरणिय प्रभाव मूल्यांकन प्रतिवेदन, २०८३ अनुसारको परिमाणलाई स्वीकृत गरी ढुंङ्गा, गिट्टी, वालुवाको उत्खनन, निकासी र ब्यबस्थापन कार्यको लागि राष्ट्रपति चुरे, तराई- मधेश संरक्षण विकास समिति र जिल्ला अनुगमन समितिलाई अनुमतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

IEE अनुसारको परिणाम निम्नानुसार रहेको छ ।

| सि न | उत्खनन् क्षेत्रको नाम | उत्खनन् क्षेत्रको क्षेत्रफल वर्ग मि | खोलाको क्षेत्रफल वर्ग मि | जम्मा उत्खनन्योग्य क्षेत्रफल वर्ग मि | लम्बाई मि | चौडाई मि (जम्मा चौडाईको एक तिहाई मात्र) | गहिराइ मि | खोलामा रहेको नदिजन्य पदार्थ घ मि (क्षेत्रफल• गहिराई) | IEE अनुसार उत्खनन् गर्न मिल्ने नदिजन्य पदार्थ वार्षीक परिमाण घ मि | दैनिक उत्खनन् योग्य परिमाण घ मि | IEE अनुसार उत्खनन् गर्न मिल्ने नदिजन्य पदार्थ वार्षीक परिमाण घ फि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुनघाट | ५३,२५७.०० | १२,२५०.०० | ४१,००७.०० | ६४०.०० | ६४.०७ | ०.५ | २०५०३.५ | १८४५३ | ६८.३५ | ६५१६५४.५४ | |
| २ | तितिरियाझ बेलघाट | ३१,७८०.०० | - | ३१,७८०.०० | ४४०.०० | ७२.२३ | ०.६ | ११०६८.० | १७१६१ | ६३.५६ | ६०६०३०.६२ | |
| ३ | झिलिया | ५५,२५३.५ | | ४०,३५२.० | ६५८.० | ६१.३३ | ०. | [illegible] | १८१५८ | ६७.२५ | ६४१२४५.७४ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ...ग घाट | ० | १४,९०१.०० | ० | ० | | ५ | ० | | | | |
| | | | | | | | | ५९७४७.५ | ५३७७२.८ | १९९.२ | १८९८९३०.८९ | |
| १ | ददेरी घाट | खोलाले वहाव परिवर्तन गरी हाल उक्त क्षेत्रमा वगर नरहेको | | | | | | | | | | |
| २ | रानी बगर घाट | २३९२४ | ० | २३९२४ | ३७० | ६४.६६ | ०.६ | १४३५४.४ | १२९१९ | ४७.८५ | ४५६२२०.१५ | |
| कुल जम्मा | | | | | | | | | ६६६९२ | | २३५५१५१.०५ | |
| जिल्ला विपद् व्यवस्थापन समिति वाट अनुमती लिनु पर्ने | | | | | | | | | | | | |
| १ | दर्मान खोला दोभान | ३८८६५ | | ३८८६५ | ३७१ | १०४.८ | ०.६ | २३३१९.० | २०९८७ | ७७.७३ | ७४११३८.४४९ | Bridze Area |

ख) गनाह खोलाको IEE Report स्वीकृत र अनुमति सम्बन्धमा ।

चालु आ.व. २०८३।०८४ मा संचालन हुने विकास निर्माणका कार्यहरुलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु (ढुंङ्गा, गिट्टी र वालुवा) को ब्यवस्थापन कार्य तत्काल अगाडी वढाउन गनाहा खोला क्षेत्रवाट ढुंङ्गा, गिट्टी वालुवाको उत्खनन, निकासी र ब्यवस्थापनको कार्यको लागी चुरेक्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि र मापदण्ड २०७६ बमोजिम उक्त कार्यविधिको दोश्रो अवस्था (नदि प्रणालीबाट ब्यवसायिक उत्खनन र संकलन अवस्था) अनुसार IEE स्वीकृत भए पछि आएको परिवर्तनको सम्बन्धमा परामर्शदाता संस्था क्रेष्ट इन्जिनियर्स प्रा लि विजुवार, प्यूठानको प्राविधक सहयोगमा यस कार्यालयबाट तयार भएको प्राविधिक प्रतिवेदन, २०८३ अनुसारको परिमाणलाई स्वीकृत गरी ढुंङ्गा, गिट्टी, वालुवाको उत्खनन, निकासी र ब्यवस्थापन कार्यको लागि राष्ट्रपति चुरे, तराई- मधेश संरक्षण विकास समिति र जिल्ला अनुगमन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| सिन | उत्खनन् क्षेत्रको नाम | उत्खनन् क्षेत्रको क्षेत्रफल वर्ग मि | खोलाको क्षेत्रफल वर्ग मि | जम्मा उत्खनन्योग्य क्षेत्रफल वर्ग मि | लम्वाई मि | चौडाई मि (जम्मा चौडाई को एक तिहाई मात्र) | गहिराइ मि | खोलामा रहेको नदिजन्य पदार्थ घ मि (लम्वाई•चौडाई • गहिराई) | IEE अनुसार उत्खनन् गर्न मिल्ने नदिजन्य पदार्थ वार्षीक परिमाण घ मि | दैनिक उत्खनन् योग्य परिमाण घ मि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गनाहाफाट / जोगिढुङ्गा बाध देखी अदुवा बारी माथि | ९,१४०.०० | २,२३०.०० | ६,९१०.०० | १,३४८.०० | ५.१३ | ०.४० | २७६४.० | २०७३.० | ७.७ |
| २ | घोष खोला दोभान देखी खारा रह सम्म | १०,११४.०० | ३,८३०.०० | ६,२८४.०० | १,७१५.०० | ३.६६ | ०.४० | २५१३.६ | १८८५.२ | ७.० |
| | जम्मा | | | | | | | ५२७७.६ | ३९५८.२ | १४.७ |



CamScanner

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झगबहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**ग) माडी नदिको IEE Report स्वीकृत र अनुमति सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँपालिकाको माडी नदिका तपशिलका ४ वटा घाटहरुबाट नदि जन्य पदार्थ (ढुंगा, गिट्टि, वालुवा) उत्खनन, संकलन तथा निकासीको लागि परामर्शदाता संस्था क्रेष्ट इन्जिनियर्स प्रा लि बिजुवार, प्यूठानको प्राविधक सहयोगमा यस कार्यालयबाट तयार भएको तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE ), २०८३ लाई स्वीकृत गर्ने निर्णय गरियो ।साथै उपरोक्त क्षेत्रबाट नदि जन्य पदार्थ(ढुंगा, गिट्टि, वालुवा) उत्खनन, संकलन तथा निकासी अनुमतिको लागि जिल्ला अनुगमन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि न | उत्खनन् क्षेत्रको नाम | उत्खनन् क्षेत्रको क्षेत्रफल वर्ग मि | खोलाको क्षेत्रफल वर्ग मि | जम्मा उत्खनन्योग्य क्षेत्रफल वर्ग मि | लम्वाई मि | चौडाई मि | गहिराइ मि | खोलामा रहेको नदिजन्य पदार्थ घ मि (क्षेत्रफल• गहिराई) | IEE अनुसार उत्खनन् गर्न मिल्ने नदिजन्य पदार्थ वार्षीक परिमाण घ मि | IEE अनुसार उत्खनन् गर्न मिल्ने नदिजन्य पदार्थ वार्षीक परिमाण घ फि | दैनिक उत्खनन् योग्य परिमाण घ मि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पनाहा घाट | ९९९५ | ० | ९९९५ | २३८.० | ४२.०० | ०.६ | ५९९७.० | ४१९७.९ | १४८२४८.८ | १५.५ |
| २ | नौघाट | | | | | | | | | | |
| | माथिल्लो | ४९८० | ० | ४९८० | २१८.० | २२.८४ | ०.७० | ३४८६.० | २४४०.२ | ८६१७५.७ | ९.० |
| | तल्लो | ३२६० | ० | ३२६० | १३३.० | २४.५१ | ०.६५ | २११९.० | १४८३.३ | ५२३८२.७ | ५.५ |
| | | ८२४० | | ८२४० | | | | ५६०५.० | ३९२३.५ | १३८५५८.४ | १४.५ |
| ३ | खरानी घाट (दोमही माथी) | ८५०० | ० | ८५०० | २०९.० | ४०.६७ | ०.६० | ५१००.० | ३५७०.० | १२६०७४.६ | १३.२ |
| ४ | कुडुले | ४९३६ | १७१५ | ३२२१ | २३० | १४.०० | ०.५ | १६१०.५ | ११२७.४ | ३९८१२.४ | ४.२ |
| | कुल जम्मा | | | | | | | १८३१२.५ | १२८१८.८ | ४५२६९४.२ | ४७.५ |

**निर्णय नं. ३ शिक्षक/कर्मचारी तथा वालविकास सहजकर्ताको तलव सुविधा सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व २०८३।०८४ मा सामुदायिक विद्यालयहरुमा गाउँपालिका अनुदान कोटाका कार्यरत शिक्षकहरुको त.भ. तथा बालविकास सहजकर्ता र विद्यालय कर्मचारिहरुको लागि गाउँपालिकावाट उपलब्ध गराईने पारिश्रमिकमा १० प्रतिशत थप गरी उपलब्ध गराउने निर्णय गरियो।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७४

झगबहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष



CamScanner

**निर्णय नं. ४ कर/भ्याट रकम दाखिला सम्बन्धमा ।**

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस गाउँपालिकाको गत आ.ब.२०८२।०८३ को बार्षिक कारोबारको अन्तिम लेखापरीक्षण गर्दा यस गाउँपालिकाले संकलन गरेको नदि जन्य पदार्थ ढुंगा, गिट्टि, वालुवा बिक्रीबाट रु.५६,१९,२६९.८८ आम्दानी गरेको, उक्त रकममा समावेश १३ प्रतिशत मूल्य अभिवृद्धि करवापत रु.६,४६,४६४.६८ संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेमा उक्त रकम दाखिला भएको देखिएको रु ६,४६,४६४ भनी उल्लेख गरेकोले उक्त रकम यस गाउँपालिकाको चालु आ.ब.२०८३।०८४ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत चालु प्रशासनिक खर्चको स्थानीय भत्ता शिर्षकवाट रकमान्तरण गरी भुक्तानी गर्ने र उक्त भ्याटरकम दाखिला गर्ने निर्णय आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ रिक्त स्थायी दरबन्दी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग गर्ने सम्बन्धमा।** प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश लोकसेवा आयोग लुम्विनी प्रदेश बुटवलको च.न. २२६ मिति २०८३।५।३१ बमोजिम यस गाउँपालिकाको लागि नेपाल सरकारवाट स्वीकृत स्थायी दरबन्दी मध्ये तपशिलका पदहरुमा स्थायी पदपुर्ति ( खुला तथा बढुवा) को लागि लुम्विनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र लुम्विनी प्रदेश, लोकसेवा आयोगमा माग गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | पद | तह | सेवा समूह/उपसमूह | माग संख्या | दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ईन्जिनियर | अधिकृत सातौ | स्थानीय ईन्जिनियरिङ्ग/सिभिल | १ | खुल्ला-हाल रिक्त भएको | |
| २ | शिक्षा अधिकृत | अधिकृत सातौ | स्थानीय शिक्षा/शिक्षा प्रशासन, परीक्षण तथा मूल्यांकन | १ | खुल्ला-हाल रिक्त भएको | |
| ३ | सहायक | सहायक पाचौ | स्थानीय प्रशासन/सा.प्र. | २ | खुल्ला-हाल रिक्त भएको | |
| ४ | सहायक | सहायक चौथो | स्थानीय प्रशासन/सा.प्र. | १ | खुल्ला-हाल रिक्त भएको | |

**निर्णय नं. ६ कृषि तथा पशु उद्यमशिलता परियोजनाको पेश्की सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल/सोड नेपाल संगको साझेदारी तथा समन्वयमा संचालित कृषि तथा पशु विकासमा आधारित उद्यमशिलता परियोजना" को लागि चालु आ.ब.को बार्षिक विनियोजित बजेटबाट विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि प्रथम किस्ता वापत रु. १२,५०,०००/-.पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७ LoCAL परियोजनाको कार्ययोजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउंपालिकामा संचालित LoCAL परियोजनाको चालू आ.व.को बार्षिक कार्ययोजना र तपिशल बमोजिमको क्षमता विकास र अनुसन्धान,परामर्श लगानी सेवा र नवप्रबर्द्धन सम्बन्धी कार्यक्रम कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिलः

**आ.ब.२०८३।०८४ को LOCAL परियोजनाको क्षमता विकास र अनुसंधान र नवप्रवर्द्धन सम्बन्धी कार्यक्रम**

| क.स. | क्रियाकलापको नाम | ईकाई | लक्ष्य | विनयोजन वजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| क | क्षमता विकास सम्बन्धि कार्यक्रम | | | | |
| 1 | गाउँकार्यपालिका जनप्रतिनिधि, विपद व्यवस्थापन समिति, अपाङ्गता संजनाका प्रतिनिधि, वालवालिका र कर्मचारीहरुको लागि LoCAL परियोजना सम्बन्धि अभिमूखिकरण कार्यक्रम | जना | ४० | १३०००० | |
| २ | वडा स्तरका जनप्रतिनिधि र सरोकारवालाहरुलाई जलवायु परिवर्तन र LoCAL परियोजनाको विषयमा अभिमूखिकरण गोष्ठी | वडा -६ | १३० | १५०००० | |
| 3 | जलवायु परिवर्तन र LoCAL परियोजनाको विषयमा युवा क्लव/संस्थाका प्रतिनिधिहरु, विधालयका वालवालिका, अपाङ्गता भएका ब्यक्ति, आदीवासी, जनजाती, महिला र सिमान्तकृत समुदायका ब्यकितिहरुलाई अभिमूखिकरण | वटा | ६ | २१०००० | |
| | जम्मा | | | ४,९०,००० | |
| ख | अनुसन्धान,परामर्श लगानी सेवा र नवप्रबर्द्धन सम्बन्धी कार्यक्रम | | | | |
| १ | लिफ्ट खानेपानी योजनाहरुको डिपिआर निर्माण | वटा | २ | ५००००० | |
| ४ | पुर्वाधार योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकनको परिक्षण | वटा | ६ | ९०००० | |
| ५ | कार्यक्रमहरुको अनुगमन, खर्च सार्वजनिक/समिक्षा, प्रगति विवरण र परामर्श बैठक खर्च | पटक | 4 | १७०००० | |
| ६ | विभिन्न योजनाहरुको पुर्वसम्भाव्त्ता अध्ययन, सर्भेक्षण र डिजाईन | वटा | १ | ३५०००० | |
| | जम्मा | | | ११,१०,००० | |
| | कुल जम्मा | | | १६,००,००० | |

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८ LoCAL परियोजनाको योजना कार्यान्वयन ढाँचा/विधि सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकामा संचालित LoCAL परियोजनाको चालू आ.व.द २०८३।०८४ को को बार्षिक स्वीकृत योजनाहरु तपिशल बमोजिमको कार्यान्वयन ढाँचा/विधिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपिशलः

कार्यसम्पादनमा आधारित स्थानीय जलवायु अनुकूलनका क्रियाकलापहरु कार्यान्वयन (LoCAL Project))

| सि.न. | आयोजनाको नाम | स्थान | बजेटरु. | कार्यान्वयन ढाँचा | कैफियत |
|---|---|---|---|---|---|
| १ | जुकेपानी गुरासे लिफ्ट खानेपानी योजना | वडा नं ६ | ३०००००० | ठेक्का विधि | |
| २ | बुढिखोला सिंचाई योजना | वडा नं. ४ | ३५००००० | ठेक्का विधि | |
| ३ | मिठिआँप बर्नीविर आटीटार सिचाई योजना | वडा नं. १ र २ | ४५००००० | ठेक्का विधि | |
| ४ | कवे पोखरी निर्माण तथा सिचाई योजना | वडा नं. ३ | २०००००० | ठेक्का विधि | |
| ५ | भित्रिखोला लुकलुके पुरानोखेत खानेपानी योजना | वडा नं. ५ | ३०००००० | ठेक्का विधि | |
| ६ | सामुदायिक वनमा जैविक मल उत्पादन (बगाले र बसेनीदमार सामुदायिक वन) | वडा नं. १ वा २ | २०००००० | मलउत्पादन मिसिन ठेक्का र निर्माण/मर्मत उपभोक्ता समिति | |
| ७ | योजना डिजाईन सर्भे, तालिम, क्षमता विकास तथा अन्य परामर्श सेवा | | १६००००० | कार्यालयले नियमानुसार | |
| | कुल जम्मा | | १९६०००००| | |

**निर्णय नं. ९ कोरेली पाडी प्राप्त ब्यक्तिलाई कार्वाही सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाले आ.व. २०८०/०८१ मा संचालन गरेको कोरेली पाडी वितरण कार्यक्रम अनुसार अनुदान प्राप्त गरेका तपसिलका अनुदानग्राही कृषकहरुले कार्यविधिको मापदण्ड विपरित पांडी बिक्रि गरेको र पटक/पटक प्राविधिकले अनुगमन गरी पाडी खरिद गर्न सुझाव दिंदा सम्म अनुदानग्राहीले पाडी खरिद नगरेकाले आवश्यक कारबाहीका लागि आर्थिक विकास समितिको मिति २०८३।६।७ गतेको बैठकको निर्णय तथा सिफारिस अनुसार निजहरुलाई लिखित रुपमा १ महिनाको सूचना दिने अन्यथा कार्यविधि अनुसारको जरिवाना असुल उपर गर्ने/गराउने निर्णय गरियो ।

तपसिल :

१. श्री नमिला मियाँ सरुमारानी गाउँपालिका, वडा नं. ... मियाँटोल

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

जग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

२. श्री अस्मिना बानु सरुमारानी गाउँपालिका वडा नं. १ मिँयाटोल
३. श्री खविरन खातुन सरुमारानी गाउँपालिका वडा नं. १ मिँयाटोल
४. श्री जरिना खातुन सरुमारानी गाउँपालिका वडा नं. १ मिँयाटोल
५. श्री हुकुम बहादुर बादी सरुमारानी गाउँपालिका वडा नं. १ प्यालीवाझैं

**निर्णय नं. १० विधालय छनौट सम्बन्धमा**

प्रस्ताव नं १० माथि छलफल गर्दा संघीय शसर्त अनुदान शिर्षकमा विधालय पूर्वाधार विकास शिर्षकमा विनियोजित बजेट रु. ३०,००,०००/-वाट स्वीकृत गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारिमा विधालयको भौतिक पूर्वाधार सम्वन्धी विवरण EMIS मा प्रविष्ट गर्दा छुट भएकोले विधालयको भौतिक पुर्वाधारको जिर्ण अवस्था, विधार्थीहरुको संख्या, आदिका आधारमा स्थानीय प्राथमिकता समेतलाई आधारमानी निम्न विधालय छनौट गर्ने निर्णय गरियो ।

तपशिलः

१. श्री भिमसेन मा.वि. जस्पुर वडा नं.५

बैकल्पिक

१. श्री जनता मा.वि. बड्डाडा वडा नं. ४
२. श्री खड्केश्वरी मा.वि. दर्भान वडा नं.२

**निर्णय नं. ११ विपद् प्रभावित परिवारहरुलाई सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं ११ माथि छलफल गर्दा २०८३ असोज महिनाको ९-१२ गते सम्म आएको वर्षाका कारण क्षती भएका तपशिलका विपद् प्रभावित घरपरिवारलाई निम्नानुसारको सहयोग प्रकोप ब्यबस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपिशलः

- सरुमारानी गाउँपालिका वडा नं ६ को श्री राष्ट्रिय प्राथमिक विधालयको वर्षा र हावाहुरीले विधालयको दिवाखाजा बनाउने भवनको टिनको छाना उठाएको र गाह्रो भत्किएकोले सो को मर्मतको लागि रु. १५०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- सरुमारानी गाउँपालिका वडा नं. ३ कोटाचौर निवासी तमिसरा सुनारको २०८३।६।९ गतेको पानी र हावाहुरिले ३ कोठेघरको एक पाखाँगाहो भत्किएकोले निजको घर मर्मतको लागि रु. ५०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- सरुमारानी गाउँपालिका वडा नं. ३ कोटाचौर निवासी ददिसरा गुरुङ्गको २०८३।६।११ गतेको पानी र हावाहुरिले ३ कोठेघरको एक पाखाँगाहो भत्किएको र टिनको छाना खसेकोले उक्त ददिसरा गुरुङ्गको घरमर्मतको लागि रु. २५०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२ शहरी सडक स्तरोन्नती र मर्मतको लागि योजना छनौट सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डाडा, लुम्बिनी प्रदेश, नेपाल २०७३

जग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष



CamScanner

प्रस्ताव नं १२ माथि छलफल गर्दा संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय घोराहीको च.न.१२९ मिति २०८३।६।२० गतेको पत्र अनुसार शहरी सडक स्तरोन्नोती, मर्मत तथा सडक सुरक्षा कार्यान्वयन कार्यविधि २०८३ बमोजिम माग गरिएको योजनाहरु यस गाउँपालिकाको सडक गुरुयोजनाको पहिलो प्राथमिकतामा परेका वडागत रुपमा तपिशलका सडक योजनाहरु छनौट गरी सिफारिस गर्ने, साथै सोही कर्यविधिको दफा ६ बमोजिम गठन हुने प्राविधिक समितिमा यस गाउँपालिकाका पूर्वाधार विकास शाखा प्रमुख लाई सदस्य तोकी पठाउने निर्णय गरियो ।

तपिशलः

- छहरे-मियाँटोल डाडागाँउ तित्रिवाझ फोर्सावाङ्ग सडक-वडा नं. १
- स्वर्गद्धारी गेट गनाहा बैगालाचुली सडक-वडा नं. २
- बड्डाडा ऐरावती सडक-वडा नं. ३
- ऐरावती बड्डाडा जस्पुर सडक- वडा नं. ४
- बड्डाडा जस्पुर पुठाखोला सडक-वडा नं. ५
- थक्लेनी मुर्कुट्टी सडक-वडा नं. ६

**निर्णय नं. १३ कार्यविधि स्वीकृत सम्बन्धमा ।**

परस्ताव नं १३ माथि छलफल गर्दा यस गाउँपालिकाबाट तयार गरी स्वीकृतका लागि पेश भएका निम्न कार्यविधिहरु स्वीकृति गर्ने निर्णय गरियो ।

- कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८३
- उपभोक्ता समितिहरु दर्ता सम्बन्धि कार्याविधि, २०८३

**निर्णय नं. १४ आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं १४ माथि छलफल गर्दा यस गाउँपालिकामा विभिन्न व्यक्ति तथा संस्थाले विभिन्न कार्यक्रम तथा उपचारको लागि सहयोग माग गर्नु भएको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपिशल

- सरुमारानी गाउँपालिका वडा नं.६ ठाडिओडार निवासी कमल बहादुर थापालाई अल्सरेटिप कोलाष्टिक भई नियमित उपचार गर्नु पर्ने भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च वापत विपन्न असहाय सहायता शिर्षकबाट रु. २५०००/- आर्थिक सहयोग गर्ने ।
- दियाल्ना खेलकुद पर्यटन विकास कार्यक्रम अन्तरगत लालिगुरास टी-२० कप खुल्ला क्रिकेट प्रतियोगिताको लागि सहयोग स्वरुप अन्य संस्था सहयोग शिर्षकबाट रु. ५००००/- आर्थिक सहयोग गर्ने ।

## निर्णय नं. १५ राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव न. १६ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व.को लागि संघीय शसर्त अनुदान -राष्ट्रिय रोजगार कार्यक्रम र गाउँपालिकाको साझेदारीमा संचालन हुने योजनाहरु वडा कार्यालयको सिफारिसमा निम्न योजना छनौट गर्ने निर्णय गरियो।

तपिशलः

वेरोजगारको विवरण र बजेट रु.

| क्र स | वडा नं | सुचिकृत बेरोजगार संख्या | बजेट संघ सरकारको | बजेट स्थानिय सरकारको | जम्मा बजेट | रोजगार पाउनेको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | २६५ | ३८०५९७ | ३८०५९७ | ७६११९३ | ५ | |
| २ | २ | ८९ | १२७८२३ | १२७८२३ | २५५६४६ | २ | |
| ३ | ३ | १८८ | २७०००८ | २७०००८ | ५४००१६ | ४ | |
| ४ | ४ | ७६ | १०९१५२ | १०९१५२ | २१८३०५ | २ | |
| ५ | ५ | १०३ | १४७९३० | १४७९३० | २९५८६० | २ | |
| ६ | ६ | ८ | ११४९० | ११४९० | २२९७९ | १ | |
| जम्मा | | ७२९ | १०४७००० | १०४७००० | २०९४००० | १६ | |

<u>वडाबाट सिफारिस भई आएका योजनाहरुः</u>

- गाउँघर क्लिनिक पूर्वाधार निर्माण योजना-वडा नं. ५-रु. २९५८६०/-
- वडा कार्यालय शौचालय निर्माण योजना-वडा नं. ३ रु. ५४००१६/-
- सत्य मा.वि.ददेरी अधुरो भवन निर्माण योजना वड नं.२-२७८६२६/- (वडा नं. ६ को समेत)
- रेडक्रस अधुरो भवन निर्माण वड नं. १- रु. ४,६१,१९३/-
- सुकाखोला औलेनी सिचाई योजना वडा नं. १ रु.३,००,०००/-

## निर्णय नं. १६ विविध सम्बन्धमा ।

- विपद् सामग्री भण्डारणको लागि कोठाभाडा सम्बन्धि जानकारी सम्बन्धमा ।

यस गाउँपालिकामा विभिन्न संघसंस्था र कार्यालयबाट खरिद गरिएका विपद् सामाग्रीहरुको व्यवस्थापन गर्न आवश्यक परेकोले मिति २०८३।६।८ गतेको यस गाउँपालिकाको स्थानीय विपद् व्यवस्थाको समितिको निर्णय अनुसार कार्यालयबाट गाउँपालिकाको प्रशासनिक भवन नजिक रहेको श्री भक्त बहादुर गाहाँमगरको सटर सहितका २ कोठा घरभाडामा लिईएको जानकारी भियो ।

- **उपभोक्ता समिति दर्ता सम्बन्धमा ।**

यस गाउँपालिकामा चालु आ.ब.२०८३।०८४ देखी योजना कार्यान्वयन तथा संचालनको लागि गठन भएका सबै प्रकारका उपभोक्ता समितिहरुलाई सम्बन्धित वडाहरुमा दर्ता गर्ने निर्णय गरियो ।

- **बांगेशाल स्वास्थ्य चौकी का.स.को पारिश्रमिक सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं.१ को बांगेशाल स्वास्थ्य चौकीको कार्यालय सहयोगी लक्ष्मी धामी सुत्केरी भई सुत्केरी विदामा बसेको र उक्त स्वास्थ्य चौकीमा विरामी तथा सुत्केरी ब्यक्तिहरुको चापको कारण छुट्टै कर्मचारी दैनिक ज्यालादारी राखी कामकाज गर्नु पर्ने अवस्था भएकोले बांगेशाल स्वास्थ्य चौकी ब्यबस्थापन समितिको निर्णय तथा सिफारिसका आधारमा सुक्केरी विदा अवधिको २०८३ श्रावण १ गते देखी २०८३ असोज ११ गते सम्मको मासिक पारिश्रमिक रु.१२७६०/-का दरले भुक्तानी गर्ने निर्णय गरियो ।

- **फोर्साबाङ्ग बस्तीमा लिफ्ट सिचाई योजना सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं.१ को फोर्साबाङ्ग बस्तीमा लिफ्ट सिचाई योजना संचालनको लागि आवश्यक पर्ने मोटर,पाईप, फिटिङ्गको लागि आवश्यक सामाग्री कार्यालयको जिन्सीशाखाबाट खरिद गरि मेसिनरी तथा औजार शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको वैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८३/०६/२३